# १५ औं नगर सभामा
# नगर उप प्रमुख श्री मञ्जु कुमारी कार्की अधिकारीज्यू द्वारा प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य

महालक्ष्मी नगरपालिका, धनकुटा

कोशी प्रदेश, नेपाल

## "महालक्ष्मी नगर समृद्दिको आधार कृषि,व्यापार,पर्यटन र पुर्वाधार"

## आ.व. २०८२/८३ को बजेट वक्तव्य

सभाअध्यक्ष महोदय,
गरिमामय पन्ध्रौं नगरसभाको अधिवेशनमा उपस्थित हुनुभएका
नगरपालिका प्रमुख प्रशासकिय अधिकृत ज्यू,
नगरसभाका सदस्यज्यूहरु,
सुरक्षाकर्मी तथा संचारकर्मी मित्रहरु,
सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु।

सर्वप्रथम महालक्ष्मी नगरपालिकालाइ माया गर्नुहुने सम्पुर्ण आमाबुवा, दाजुभाई तथा दिदिवहिनिहरुमा हृदय देखि नै सादर नमस्कार गर्दछु ।

1. नेपालको संविधानको धारा २१६ को उपधारा २ बमोजिम महालक्ष्मी नगरपालिकाको उप-प्रमुखको भुमिका बाट र स्थानिय सरकार संचालन ऐनको दफा ६७ बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस गरिमामय नगरसभामा आगामी आर्थिक वर्ष २०८२/८३ को आय र व्ययको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु। प्रस्तुत बजेटलाइ यस नगरपालिका क्षेत्र भित्र उपलब्ध सामाजिक,सास्कृतिक,प्राकृतिक तथा आर्थिक विविधतामा प्रविधि सिप र दक्षताले यस नगरपालिकाको विकासमा आमुल रुपान्तरण गर्न सकिन्छ भन्ने मान्यतालाइ आत्मसाथ गर्दै खुशी र सुखी पालिका, सन्तुलित विकास, सम्मुन्नत जिवनका लागि आवश्यक पुर्वाधारका साथ दिगो शान्ति, सुशासन र समृद्दिको संवाहकको रुपमा परिलक्षित गरिएको छ ।
2. लोकतन्त्र प्राप्ति तथा संघिय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि समय समयमा भएका राजनितिक आन्दोलनहरुमा आफ्नो जिवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपुर्ण श्रदाञ्जली अर्पण गर्दछु।
3. नेपालको संविधान २०७२ जारी भएपश्चात संघ, प्रदेश र स्थानिय तह गठन भए सगै महालक्ष्मी नगरपालिकाको स्थापनाको नवौं वर्षमा प्रवेश गरेका छ। यसले संविधान कार्यान्वयन एवम लोकतान्त्रिक गणतन्त्रलाइ सस्थागत गर्न महत्वपुर्ण योगदान पुगेको छ । यो अवसरमा महालक्ष्मी नगरपालिका भित्र र नगरपालिका वाहिर देश विदेशमा रहनुहुने महालक्ष्मी नगरपालिकाको विकास, समृद्दी र नगरवासीहरुलाइ खुसी र सुखि देख्न चाहनुहुने महालक्ष्मी नगर प्रेमी महानुभावहरुलाइ हार्दिक धन्यवाद दिन चाहन्छु ।साथै सवै निर्वाचित जनप्रतिनिधि साथिहरुलाइ विकासको कार्यमा लागि रहन उर्जा हौसला प्राप्त होस शुभकामना व्यक्त गर्दछु ।
4. यसअघि प्रस्तुत भएका ८ वटा बजेटको कार्यान्वयनबाट यस नगरपालिकामा समृद्दिको सुरुवात भएको महसुस गरिएको छ। जनप्रतिनिधिहरुको समन्वय, नगरबासीको सहयोग, विभिन्न सरकारी तथा गैर सरकारी निकायको साझेदारी एवम नागरिक समाजको सद्भावबाट नगरपालिकाले विकास निर्माण कार्यलाइ गतिशिलता प्रदान गरेको अनुभूती गरेको छु ।

5. यस अघिका बजेट तर्जुमा र कार्यान्वयनका सन्दर्भमा हासिल गरेका अनुभव र नगरवासीका तर्फबाट समय समयमा प्राप्त सुझाव समेतका आधारमा आर्थिक वर्ष २०८२/८३ को वजेट तयार गरिएको छ । बजेट तयार गर्दा मुलतः निति कार्यक्रमले निर्दिष्ट गरेका मार्गदर्शनका आधारमा बजेटको सिद्वान्त र प्राथमिकतामा रहि महालक्ष्मी नगरपालिकाको समृद्दी र दिगो विकासका लक्ष्य प्राप्त हुने क्षेत्रमा लगानी प्रवाह गरिएको छ ।यो आठौ वर्षको बजेट तथा कार्यक्रम निर्माण गर्दा नेपालको संविधान, दिगो विकासको लक्ष्य, आवधिक योजना, स्थानिय सरकार संचालन ऐन, २०७४, गत आवको बजेट, विनियोजन विधेयकका सिद्दान्त र प्राथमिकताका आधारमा बजेट तथा सिमा निर्धारण समितिले दिएको बजेट सिमा भित्र रहि महालक्ष्मी नगरको दिगो विकास र जनताका आधारभुत आवश्यकता परिपुर्तिलाइ परिलक्षित गर्दै बजेट निर्माण गर्ने प्रयत्न गरेको छु । साथै बजेट निर्माण गर्दा नगरको निति तथा कार्यक्रम, विभिन्न सरकारी तथा गैर सरकारी संघ सस्था, राजनितिक दल, बौद्दिक व्यक्तित्व र नगरका विभिन्न क्षेत्रबाट नगरबासीले दिनुभएको सल्लाह सुझावलाई आधार मानि बजेट निर्माण गर्ने कोशिस गरेकी छु ।
6. नेपालको संविधान २०७२ ले गरेको ब्यवस्था बमोजिम महालक्ष्मी नगरपालिकाको १५ औं नगरसभाको अधिवेशनको लागि आफ्नो बजेट आफै बनाउन र घोषणा गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ। वार्षिक वजेट नगरले अवलम्बन गरेका नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने महत्वपूर्ण औजार हो । वजेट तर्जुमा गर्दा संविधानले नगारिकका लागि वाचा गरेको मौलिक हकहरुको पुर्णउपभोगको सुनिश्चिततालाई समेट्दै संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षालाई साकार पार्न सहयोगी हुने कार्यक्रम तथा कृयाकलापहरु समावेश गर्न ध्यान दिनु आवश्यक हुन्छ ।
7. वजेट तर्जुमा गर्दा जनप्रतिनिधिहरुको सहयोग र स्वामित्वलाई ख्याल गर्दै जनताका विकासका आकांक्षा र आवश्यकताहरुको वारेमा प्रर्याप्त अध्ययन र सुझाव लिएको छ । लामो अभ्यास र अनुभव बाट नगरबासीका समस्याहरुका वारेमा प्रर्याप्त जानकारी प्राप्त भएको छ ।सबै सदस्यहरुले अमूल्य सुझाव दिई नगर सरकारलाई सहयोग गर्नु भएको छ।नगर सभा सदस्यहरुबाट प्रकट भएका जनताका मनोभावनालाई वजेट निर्माण गर्दा प्रर्याप्त ध्यान दिइएको छ।
8. महालक्ष्मी नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माण गरिरहदा हाल राज्यमा देखिएको आर्थिक शिथिलता, नगरमा आउने बजेटको कटौतिले नगरको आर्थिक गतिविधिमा चुनौती आएको छ ।बजेट अभावका कारण नगरको सोच अनुरुप विकासको गति अगाडी बढ्न नसकेको परिस्थिती छ । यो विषम परिस्थितिमा साधारण खर्च घटाउदै विकास खर्च वढाउने प्रयत्न गरेको छु ।
9. १५ औ योजनाको दिर्घकालिन सोच- **समृद्द नेपाल सुखी नेपाली अनुरुप** मुलुकले अंगिकार गरेको दिगोविकास लक्ष्यको मुख्य मार्गदर्शनमा हामिले महालक्ष्मी नगरपालिकाको दिर्घकालिन विकासका लागी तय गरेका **महालक्ष्मी नगर समृद्दीको आधार- कृषि, व्यापार, पर्यटन र पुर्वाधार** भन्ने नाराको साथ महालक्ष्मी नगरपालिकाको दिर्घकालिन लक्ष्य प्राप्तिका लागी हाम्रा नीति, कार्यक्रम र योजनाहरु परिलक्षित गरेका छौ ।

सभाध्यक्ष महोदय,

10. यस पृष्ठभूमिमा अव म आर्थिक वर्ष २०८२/८३ को वजेटको उद्देश्यहरु निम्न अनुसार रहेको व्यहोरा निवेदन गर्न चाहन्छु ।

- कृषि क्षेत्रमा व्यवसायीकरण र आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।
- लम्पी स्किन रोग जस्ता महामारी रोग रोकथाम तथा नियन्त्रण लागि भेटेनरीको सेवा केन्द्र स्थापना गरी पशु स्वास्थ्य सेवा प्रवाहमा वृद्धी गर्ने ।
- नगरपालिका भित्र विकासका दिगो आधारहरु तयार गरि नागरिकको जिवनस्तरमा सुधार गर्ने।
- आर्थिक, भौतिक तथा सामाजिक संरचनामा गुणात्मक सुधार गर्दै नगरको समृद्दि हासिल गर्न सहयोग पुर्याउने ।
- मानवपुजि व्यवस्थापनको अवधारणा अनुरुप मानव श्रोत वा जनशक्तिमा अन्तरनिहित सिप, पुजि र क्षमतालाइ विकास गर्ने।
- नगरपालिकाको आन्तरिक राजश्व परिचालन र लगानीको उत्पादनशिलता वृद्दी गरि स्थानिय अर्थतन्त्रलाइ वलियो बनाउने ।
- उपलब्ध साधन स्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गरी शीघ्र आर्थिक पुनर्उत्थान गर्दै आर्थिक विकासको गतिलाइ निरन्तरता दिने ।
- नागरिकको जिवनरक्षाका लागि नगर भित्रका गरिवीको रेखामुनी रहेका दलित,अल्पसंख्यक तथा सिमान्तकृत नागरिकहरुको निशुल्क स्वास्थ्य विमा गर्ने ।
- पर्यटनमैत्री पूर्वाधार विकास गरी पर्यटन उद्योगलाई विस्तार गर्ने एवं लगानी, रोजगारी तथा अन्य आय आर्जनको आकर्षक गन्तव्यको रुपमा पर्यटनलाई प्रबर्धन गर्ने ।
- आधारभूत पूर्वाधारको निर्माण र विकास गरी नगर सरकार र आधारभूत सेवामा नागरिकको पहुँच अभिबृद्धि गर्ने ।
- गुणस्तरिय र भरपर्दो खानेपानीको सुविधाको विस्तार गर्ने ।
- वातावरण सन्तुलन तथा विपद् व्यवस्थापनलाई आवद्दता गराई व्यवस्थित गर्ने ।
- लैङ्गिक समानता र सामाजिक समावेशिकरणका कार्यक्रम सञ्चालन गर्ने,
- संस्थागत सुढृढिकरण र सुशासन कायम गर्दै सेवा प्रवाहलाइ प्रभावकारी बनाउने,
- समृद्द महालक्ष्मी निर्माणको लक्ष्य प्राप्त गर्ने ।

सभाध्यक्ष महोदय,

11. बजेटको उद्देश्य हासिल गर्न आर्थिक वर्ष २०८२/८३ को बजेटको प्राथमिकता निम्नानुसार प्रस्तुत गरेको छु ।

- अर्थतन्त्र विकास र रोजगारी सृजना गर्नका लागि कृषि आधुनिकिकरण र व्यवसायिक पशुपालनमा जोड दिने ।
- गुणस्तरीय र सहज पहुँच योग्य पशु स्वास्थ्य सेवा वितरणलाई सुनिश्चित गर्दैमहामारी नियन्त्रण तथा रोकथाम गर्ने,
- शैक्षिक गुणस्तर सुधार, सिकाई उत्प्रेरणा जगाउने, शैक्षिक गन्तब्यको रूपमा विकास गर्ने र बालमैत्री नगरलाई निरन्तरता दिने,
- महालक्ष्मी नगरपालिकालाइ सांस्कृतिक धरोहरको संरक्षण र प्रवर्धन गर्दै धार्मिक, सांस्कृतिक, ऐतिहासिक, साहसिक र मनोरञ्जनात्मक पर्यटकीय गन्तब्यको रूपमाविकास गर्ने,
- किसानहरुको उत्पादनलाइ उचित वजार मुल्य र बजारिकरणका लागि कोल्ड स्टोर लाइ उचित व्यवस्थापन गरि संचालन गर्ने ।
- महालक्ष्मी औद्योगिक ग्रामको स्थापना र व्यवस्थापन, उद्यमशीलताको विकास र ठूला उद्योगका लागि लगानीमैत्री वातावरण बनाउदै उत्पादनमूलक रोजगारी सिर्जना गर्ने ।
- सरक्षित र दिगोसडक पूर्वाधार निर्माण र स्तरोन्नती गर्ने, व्यवस्थित आवास र भवन निर्माणगर्ने, सिँचाई सुविधा विस्तार गर्ने, खेलकुदका पूर्वाधारहरूनिर्माण गर्ने ।
- संस्थागत सुदृढिकरण र सुशासन कायम गर्दै सेवाप्रवाहलाई प्रभावकारी बनाउने ।
- सार्वजनिक सेवा प्रवाहलाइ प्रभावकारी वनाउन कर्मचारी वर्गमा जागरले काम गरौं, मुस्कान सहितको सेवा गरौं भन्ने संस्कारको विकास गर्ने ।
- **महालक्ष्मीका महिला सिप र क्षमतामा पहिला** मुलनाराका साथ विकास र समृद्दिको यात्रामा महिलाहरुको भुमिका सशक्त बनाउन नगरपालिकाबाट संचालन हुने योजना तथा कार्यक्रममा कम्तिमा ७० प्रतिशत महिला सहभागी गराउने व्यवस्था गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

12. अब म आ.व. २०८०/८१ को यथार्थ आय र व्यय तथा आव २०८१/८२ को संशोधित आय/व्यय को अनुमान पेश गर्न चाहन्छु ।
13. **आ.व. २०८०/८१ को यथार्थ आय ४९ करोड ८५ लाख ८० हजार ७५ सय ४७ रुपैया पैसा ८७ मात्र रहेको छ।**
14. आ.ब. आव २०८१/०८२ को संसोधित आय अनुमान ६४ करोड ५३ लाख ६ हजार ३ सय ३७ रुपैया पैसा १५ मध्येमा आ.व. २०८१/०८२ मा वास्तविक आय प्रासिका आधारमा ब्यय सोहि अनुसार हुने अनुमान गरेको छु ।

15. चालु आर्थिक बर्ष समाप्त भए पश्चातमात्र नगरपालिकाको आर्थिक कारोबारको हिसाब मिलान हुनजाने भएकोले त्यसरी हिसाव मिलान भई बचत हुन सक्ने नगदलाई अ.ल्या. गरि आगामी आर्थिक बर्षको भैपरी चालु र पुजिगत खर्च शिर्षकमा राखी नगर कार्यपालिकाले आवश्यक योजना तथा कार्यक्रममा बिनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

16. चालु आर्थिक बर्ष २०८१/८२ मा सम्झौता भई सञ्चालन र सम्पन्न भएका तर विभिन्न श्रोतको निकासा नभएको कारणले भुक्तानी हुन नसकेका योजना तथा कार्यक्रमहरुको भुक्तानी गर्न बाकी रकम आगामी आ.व. २०८२/८३ मा दायित्व-योजना/कार्यक्रम-चालु र दायित्व-योजना/कार्यक्रम पुजिगत शिर्षकमा बिनियोजित रकम मध्येबाट भुक्तानी गर्ने व्यवस्था मिलाएको छु।

**सभाध्यक्ष महोदय,**

17. अव म, आर्थिक वर्ष २०८२/८३ को वजेट र कार्यक्रम संक्षिप्तरुपमा प्रस्तुत गर्न चाहन्छु। यसको विस्तृत विवरण संलग्न तालिकामा समावेश गरेकी छु । यस आर्थिक बर्षका लागि कूल रकम रु. ६६ करोड २ लाख १६ हजार मात्र अनुमानित बजेट प्रस्ताव गरेको छु।

तालिका

| क्र.स. | अनुदान | संघिय सरकार | प्रदेश सरकार | स्थानिय सरकार | जम्मा | कै |
|---|---|---|---|---|---|---|
| १ | समानिकरण अनुदान | ९८०००००० | ८७६५००० | ० | १०६७६५००० | |
| २ | शसर्त अनुदान | ३१४२०००००० | ८०१६००० | ० | ३२२२१६००० | |
| ३ | समपुरक अनुदान | २२५०००००० | १२०००००० | ० | ३४५०००००० | |
| ४ | विशेष अनुदान | ४४५०००००० | ० | ० | ४४५०००००० | |
| ५ | राजश्व वाडफाँड | ८६२८३९२५ | ६४५२००० | ० | ९२७३५९२५ | |
| ६ | आन्तरिक श्रोत | ० | ० | ५९४९९०७५ | ५९४९९०७५ | |
| | जम्मा | ५६५४८३९२५ | ३५२३३००० | ५९४९९०७५ | ६६०२१६००० | |

18. सशर्त र समपुरक अनुदान बापत प्राप्त कूल रकम रु. ३५ करोड ६७ लाख १६ हजार संघ/कोशी प्रदेश सरकार बाट रकम शीर्षकगत विनियोजन भई आएको छ । जसमा शिक्षा क्षेत्रमा साबिकमा सञ्चालित सबैका लागि शिक्षा आधारभूत तह (आधारभूत तहका शिक्षक तलब भत्ता), माध्यमिक तह (शिक्षक तलब भत्ता) र बिद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु रहेका छन्।त्यसैगरी यस नगरपालिकामा सञ्चालित स्वास्थ्य संस्थाहरुको सञ्चालन खर्च तथा तलब भत्ता केन्द्रीय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, एकीकृत परिवार स्वास्थ्य कार्यक्रम, औषधि, भ्याक्सिन, सामाग्री प्याकिङ्ग र ढुवानी बापतको रकम लगायतका कार्यक्रमहरु पनि सशर्त अनुदानमा समाबेस भई आएका छन् । त्यसै गरी नेपाल कृषि सेवा विकास कार्यक्रम,झोलुङगे पुल क्षेत्रगत कार्यक्रम, साना सिचाई

कार्यक्रम, राष्ट्रीय परिचय पत्र तथा पन्जीकरण कार्यक्रम र राष्ट्रिय रोजगार कार्यक्रम पनि शसर्त अनुदानमा समावेश भई आएका छन् ।

**सभाध्यक्ष महोदय,**

19. कुल बजेट मध्ये सघीय सरकारबाट हस्तान्तरित शसर्त अनुदान, प्रदेश सरकारबाट हस्तान्तरित शसर्त अनुदान, केन्द्र सरकार र प्रदेश सरकारको विशेष र समपुरक अनुदान सघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, राजश्व बाडफाँड र त्यसैगरी प्रदेश सरकारबाट प्राप्त हुने समानकिरण अनुदान र राजस्व बाँडफाडको रकम तथा नगरपालिकाको आन्तरीक श्रोत समेत जोड्दा कायम हुन आउने रकम रु. ६६ करोड २ लाख १६ हजार मध्ये चालु खर्च बापत ७२.५४ प्रतिशत अर्थात ४७ करोड ८९ लाख २० हजार ६ सय ८६ र बाँकी २७.४६ प्रतिशत अर्थात १८ करोड १२ लाख ९५ हजार ३ सय १४ रुपैयाँ विकास खर्च बापत बिनियोजन भएको छ भने उक्त कुल बजेट मध्ये नगरपालिकाले बजेट तर्जुमा गर्ने बजेट रकम रु. २५ करोड ९९ लाख रहेको छ । उक्त नगरपालिकाबाट तर्जुमा हुने बजेट रकम मध्ये चालु खर्च वापत ६४.५८ प्रतिशत अर्थात १६ करोड ७८ लाख ५५ हजार र बाकी ३५.४२ प्रतिशत अर्थात ९ करोड २० लाख ४५ हजार रुपैया लाइ बिकास खर्च वापत बिनियोजन गरेको छु। सर्सत अनुदानबाट प्राप्त हुने रकम ससर्त मै तोकिएको शीर्षक अनुसार खर्च हुने हुँदा नगर पालिकाबाट विनियोजित रकमलाई क्षेत्रगत आधारमा आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा बिपद् ब्यवस्थापन, संस्थागत विकास तथा सुशासन तर्फ गरी पाँच क्षेत्रमा विभाजन गरी बिनियोजनको ब्यवस्था मिलाएको छु । अब म नगरपालिकाबाट विनियोजित विभिन्न क्षेत्रगत तथा उपक्षेत्रगत अनुसारको प्रस्तावित बजेट प्रस्तुत गर्न चाहन्छु ।

20. **आर्थिक विकास :** यस शीर्षक अन्तर्गत कृषि, उद्योग तथा वाणिज्य, प्राचिन, ऐतिहासिक, पुरातात्विकधरोहर संरक्षण र विकास, पर्यटन, सहकारी र बित्तीय क्षेत्र पर्दछन। यस क्षेत्र सग सम्बन्धित कार्यक्रम कार्यान्वयनको लागि एकमुष्ठ १ करोड ९ लाख ६८ हजार रकम विनियोजन गरेको छु ।

21. **आर्थिक विकास : कृषि :** व्यावसायिक कृषि, आधुनिक प्रविधि कृषिमा लगानी नगरको समृद्धिभन्ने सोचकासाथ कृषिमा आत्मनिर्भरता र व्यावसायिकरणका लागि कृषिमा विशिष्टीकरण र आधुनिकीकरणको नीति अनुरुप कृषि औजार तथा उपकरणमा साझेदारी गर्ने, कृषिमा विविधीकरण गर्दै नगदेबालिको उत्पादन गर्ने, कृषिमा उत्पादनमा आधारित अनुदान दिने, बाँझो रहेका जग्गाको उपयोग गर्ने, नर्सरी स्थापना गर्ने र स्थानीय जातका बिऊ संरक्षण गर्ने, कृषि बजारीकरणका लागि कृषि उपज सङ्कलन र भण्डारण साथै हाट बजारको व्यवस्थापन गर्ने, विषादीलाई निरुत्साहित गरी प्राङ्गारिक कृषि

उत्पादनमा प्रोत्साहन गर्ने, माटो परीक्षण र माटोमा खाद्यतत्वको सन्तुलन कायम गर्ने, कृषिमा जोखिम व्यवस्थापन गर्ने, कृषिमा युवा रोजगारी सिर्जना गर्ने कार्यक्रमहरू तथा कृषि क्षेत्रको विकासको लागिकिसानलाइ ५० प्रतिशत अनुदानमा आधुनिक कृषि औजार वितरण कार्यक्रमहरु समावेश गरेको छु ।

22. **आर्थिक विकास : पशु सेवा :** पशुजन्य उत्पादनमा नगरलाई आत्मनिर्भर बनाउनुको साथै आय आर्जनको प्रमुख स्रोतको रुपमा विकास गर्ने उद्देश्य अनुरूप व्यावसायिक पशुपालनलाई प्रोत्साहन गर्ने, उत्पादनमा आधारित अनुदान दिने, कृत्रिम गर्भाधारण र पशु नश्ल सुधार गर्ने, व्यावसायिक बाख्रा, गाई, भैसी, बंगुर र कुखुरा पालन गर्ने, पशु स्वास्थ्य शिविर सञ्चालन गर्ने, दूध उत्पादन वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

23. **आर्थिक विकास : उद्योग :** उद्यमशीलताको वृद्धि गरी युवा रोजगारी सिर्जना गर्न, वैदेशिक रोजगारीबाट फर्किएका नगरबासीहरूलाई विदेशमा सिकेको सीपलाई उपयोग गरी उत्पादनमूलक कार्य गर्न,आर्थिक सामाजिक रुपमा विपन्न परिवारको पहिचान गरी व्यावसायिकता र रोजगारीको अवसर सिर्जना गर्न, गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालन गर्ने तथा नगर युवा रोजगार कार्यक्रमलाई सञ्चालन गर्ने कार्यक्रमहरूलाई बजेट प्रस्ताव गरिएको छ ।

24. **आर्थिक विकास : सहकारी र वित्तिय क्षेत्र :** सहकारी क्षेत्रको बहुआयमिक योगदानलाई उच्च कदर गर्दैसहकारीसँगको साझेदारीमा नगरवासीको आय बृद्धि गर्ने नीति अनुरुप सार्वजनिक-सहकारी-समुदाय साझेदारी कार्यक्रम सञ्चालन गर्न अध्ययन गर्ने, सहकारीले लेखापालन तालिम तथा आफ्ना सदस्यहरूको वर्गीकरण गरी विपन्न र गरिब घरपरिवारका लागि विशेष सहयोग पुग्ने कार्यक्रम सञ्चालन गर्न र सहकारी क्षेत्रको क्षमता विकाससँग सम्बन्धित कार्यहरूका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

25. **आर्थिक विकास : पर्यटन :** धार्मिक, सांस्कृतिक, ऐतिहासिक र साहसिक पर्यटनको विकास गन्तव्यको रूपमा यस नगरपालिकालाई विकास गर्ने, पर्यटनमार्फत आर्थिक बृद्धि र रोजगारी सिर्जना गर्ने नीतिअनुरुप एक वडा एक पार्कनिर्माण गर्ने, पर्यटकीय स्थलहरूको पहिचान, प्रचार प्रसार र पूर्वाधार निर्माण तथा विकास गर्ने, भएका पर्यटकिय पुर्वाधारहरुको संरक्षण र व्यवस्थापनका लागिआवश्यक वजेटको व्यवस्था गरेको छु ।आन्तरिक तथा बाह्य पर्यटकहरुलाइ आकर्षिक गर्न स्तरउन्नति भइसकेका सडकहरुको किनारामा आकर्षित फुल तथा पोथ्रा, बुट्यान जातका विरुवा लगाउन आवश्यक वजेटको व्यवस्था गरेको छु।घुमाउने पोखरि, ढुङ्गे बगैचा, रानी गुफा, नागेश्वर मन्दिर, लेगुवा विश्रान्ती क्षेत्र, लेगुवा झर्ना, झाक्रीपार्क, धुन्द्रुङ्ग पोखरी, पात्लेपानी, चित्रे पटेक,थामडाँडा काफल डाडा क्षेत्रलाइ व्यवस्थित पर्यटकिय गन्तव्य निर्माणको लागि प्रदेश तथा केन्द्र सरकार सग आवश्यक पहल गरिनेछ ।

26. **आर्थिक विकास : जलस्रोत तथा सिचाई :** सबै जमिनमा सिंचाई पुऱ्याउँबाझो जमिनलाई उर्वर बनाऊँभन्ने मान्यता पूरा गर्न कृषियोग्य जमिनमा दीगो एवम् भरपर्दो सिंचाई सुविधा पुऱ्याउने नीति अनुरुप साना सिचाइ आयोजना अन्तरगत संघिय सरकार, प्रदेश सरकार, स्विजरल्याण्ड सरकार र महालक्ष्मी नगरपालिकाले साझेदारीमा लगाउनु पर्ने आवश्यक बजेटको निरन्तरता सहित विनियोजन गरेको छु ।

27. **सामाजिक विकास :** यस शीर्षक अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, साहित्य, कला संरक्षण, कार्यक्रम, एकल महिला, जेष्ठ नागरिक, बालबालिका, दलित तथा अपाङ्गता भएका व्यक्तिहरुलाई सहजिकरण, संस्कृति प्रबर्धन, खेलकूद तथा मनोरञ्जन र लैंगिक समानता तथा सामाजिक समाबेसीकरण, एकद्वार संकट व्यवस्थापन, स्वास्थ्य संस्थाबाट उत्पादित फोहोरमैला व्यवस्थापन, उत्कृष्ट स्वास्थ्य छनौट, संस्थाहरुको स्तरबृद्धि, पोषण व्यवस्थापन, सर्ने तथा नसर्ने रोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम, नगरक्षेत्रको हरेक वडाका स्वास्थ्य सँस्थामा ल्याव सेवा र एक्सरे मेसिन, जेष्ट नागरिक आराम गृह, स्थानीय स्तरमा पाईने जडिबुटीको अधिकतम उपयोग, महिला विकास कार्यक्रमरहेका छन। यी कार्यक्रमहरुका लागि एकमुष्ठ रु. २ करोड २३ लाख ८० हजार बिनियोजन गरेकी छु ।

28. **सामाजिक विकास : शिक्षा :** विकासको आधारशिलाको रूपमा रहेको शिक्षा क्षेत्रको विकासमा सर्वोपरी जोड दिने नीति अनुरुप 'नगरवासीको एउटै इच्छा जीवनउपयोगी आत्मनिर्भर शिक्षा'भन्ने नाराका साथ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने, शिक्षकहरूका लागि क्षमता विकासका माध्यमबाट शैक्षिक उत्प्रेरणा जगाउने कार्यक्रमहरू सञ्चालन गर्ने, शैक्षिक पूर्वाधार निर्माण, बालमैत्री पूर्वाधार निर्माण, शैक्षिक सामग्री व्यवस्थापन गर्ने, स्थानीय पाठ्यपुस्तक, वैकल्पिक विधिबाट पठनपाठनलाई अगाडि बढाउने, बाल विकास केन्द्रका शिक्षक र विद्यालय सहायक कर्मचारीलाई प्रोत्साहन गर्ने कार्यक्रम हरूका लागि आवश्यक बजेट प्रस्ताव गरेको छु । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम तथा शैक्षिक पुर्वाधार कार्यक्रमका बजेटलाइ व्यवस्थित संचालनका लागि समयमै आवश्यक कार्यान्वयनका लागि आवश्यक पहल गरेको छु । विद्यालयको चुहिने छाना विस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । जनता माध्यमिक विद्यालयको पशु विज्ञान कार्यक्रम संचालनका लागि पुर्वाधार निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरेकी छु । कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरुको लागि जिवनउपयोगि सिपमुलक छोटो अवधिको तालिमको लागि बजेट व्यवस्था गरेको छु ।

29. गुणस्तरीय शिक्षा अभिबृद्धि गर्ने अभियान अन्तर्गत नगरक्षेत्र भित्र संचालन भएका विद्यालयहरुका बालविकास तथा सहयोगी कर्मचारीकोतलब भत्ता व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिएको छु ।

30. **सामाजिक विकास : स्वास्थ्य :** नगरबासीलाई स्वस्थ बनाउन सर्वसुलभ, भरपर्दो र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने र स्वास्थ्य सेवामा सबै नगरवासीको पहुँच सुनिश्चित गर्ने नीति अनुसार गर्भवती महिला, आमा र नवजात शिशुको नियमित स्वास्थ्य परीक्षण, स्वास्थ्य सुधार र पोषणमासहयोग पुग्ने, गर्भवती महिला र आमालाई स्वास्थ्य परामर्श दिने, सुत्केरी भेटघाट र पोषणमासुधार गर्ने, स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार निर्माण र सुधार गर्ने, स्वास्थ्य चौकिहरूमा आवश्यक स्वास्थ्य सामग्रीहरू र औषधीको व्यवस्था गर्ने, स्वास्थ्य चौकी नभएका वा स्वास्थ्य चौकीले समेट्न नसकेका नगरका क्षेत्रहरूमा आधारभुत स्वास्थ्य केन्द्रमार्फत स्वास्थ्य सेवा प्रवाह गर्ने, आकस्मिक स्वास्थ्य सेवा सुनिश्चित गर्ने, स्वास्थ्य संस्थासम्म पुग्न नसक्ने जेष्ठ नागरिकर अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्य शिविर सञ्चालन गर्ने, स्वास्थ्य चेतना अभिबृद्धि गर्ने, सबै विद्यालयहरूमा प्राथमिक उपचार सामग्री व्यवस्था गर्ने, महिला स्वास्थ्य स्वयम्सेविकाहरूलाई परिचालन र प्रोत्साहन गर्ने, स्वास्थ्य सुधार तथा नसर्ने रोगको व्यवस्थापनका लागि योग तथा ध्यान अभ्यास सुरुवात गर्नेजस्ता कार्यक्रम सञ्चालन गर्ने, स्वास्थ्य क्षेत्रमा प्रतिकारात्मक, प्रवद्र्धनात्मक, उपचारात्मक र निरोधात्मक कार्यक्रमहरूलाई निरन्तरता दिने, महिलाहरूमा देखिएको पाठेघरको क्यान्सर समस्याको निदानका लागि वडास्तरमा सिविरहरू सञ्चालन गर्ने कार्यक्रमको लागि आवश्यक व्यवस्थापन गरिएको छ।

31. यस नगरपालिकामा रहेका महिला स्वास्थ्य स्वयम सेविकाहरु लाई उपलब्ध गराईएको प्रोत्साहन भत्ता कार्यक्रम र आमा वच्चा पोषण कार्यक्रमलाई निरन्तरता दिइएको छु ।

32. **सामाजिक विकास : युवा तथा खेलकुद :** खेलकुद मार्फत नगरपालिकाको पहिचान स्थापित गर्ने नीति अनुसार एक वडा एक खेल मैदाननिर्माण लक्ष्य अनुसार खेलमैदान निर्माण गर्न बाँकी वडाहरूमा खेलमैदानहरू निर्माण गर्ने, खेलाडीलाई प्रशिक्षण, क्षमता विकास र प्रोत्साहन गर्ने, महिला खेलाडीहरूलाई विशेष प्रोत्साहन गर्ने र खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्ने कार्यक्रमहरूका लागि आवश्यक बजेट प्रस्ताव गरिएको छ ।

33. **सामाजिक विकास : खानेपानी तथा सरसफाई :** खानेपानी वितरण प्रणालीलाई व्यवस्थित गर्न, सरसफाइ प्रवर्धनका लागि सार्वजनिक-निजी साझेदारी कार्यक्रम सञ्चालन गर्न, बजारक्षेत्रको फोहोरमैला व्यवस्थापन गर्न, डम्पिङ्ग साइट निर्माण गर्न, ढलको व्यवस्थापनका लागि पहल गर्न, टोल सुधार तथा सरसफाइ समिति, नागरिक सचेतना केन्द्रसँगको सहकार्यमा सरसफाइ कार्यलाई अगाडि बढाउने कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

34. **सामाजिक विकास : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवम् जनसंख्या तथा बसाईसराई :** सामाजिक समावेशीकरणको मर्मलाई आत्मसात गर्दै जेष्ठ नागरिक, महिला, बालबालिका, दलित, आदिवासी जनजाति, अपाङ्गता र आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका लक्षित वर्गहरूको आर्थिक सामाजिक सशक्तीकरण, मूलप्रवाहीकरण र सचेतीकरण गर्ने नीति अनुरुप जातीय विभेद

न्यूनीकरण गर्ने, विभिन्न अभियान सञ्चालन गरी सामाजिक सचेतना अभिवृद्धि गर्ने, लक्षित वर्गको सीप तथा क्षमता विकास गरी आयआर्जन हुने, बालश्रम निवारण गर्ने, हिंसापिडित महिला र सङ्कटमा परेका बालबालिका लाइ संरक्षण गर्ने, महिला हिंसा, मानव बेचविखन विरुद्धको अभियान तथा कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु । जेष्ठ नागरिक भेटघाट कार्यक्रम संचालनका लागि आवश्यक बजेटको प्रस्ताव गरेको छु । अपाङ्गता भएका ब्यक्तिहरुलाइ प्रदेश सरकारको समन्वयमा विधिन्न कार्यक्रम मार्फत रोजगारी सृजना तथा सहज जिवनयापनका लागि अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रमलाइ निरन्तरता दिइ आवश्यक बजेट व्यवस्था गरेको छु । अपाङ्गता भएका व्यक्तिहरुलाइ सिप मार्फत मेरो लागि म छु, म गर्न सक्छु भन्ने भावना विकासका लागि अपाङ्गता सिप विकास कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

35. महालक्ष्मी नगरपालिका भित्रका महिला तथा विद्यालयका छात्राहरुलाई विविध प्रकारका हिंसाजन्य क्रियाकलापबाट वच्न र समाजमा सामाजिक सद्भाभका साथ शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्न आत्मारक्षा तालिमका लागि आवश्यक व्यवस्थापन गरि बजेट बिनियोजन व्यवस्था गरेकी छु।
36. महालक्ष्मी नगरपालिका वडा नं. ५ मा रहेको सिमान्तकृत माझी र भुजेल समुदायको सामाजिक तथा आर्थिक विकासका लागि सम्बन्धित निकायमा आवश्यक वजेटको पहल गरेको छु।

37. **पूर्वाधार विकास :** यस क्षेत्र अन्तर्गत स्थानीय सडक तथा पुल, सिंचाई, भवन तथा शहरी विकास, उर्जा, लघु तथा साना जलबिद्युत, सञ्चार, एकीकृत बस्ती विकास कार्यक्रम, निर्माणधीन सडकको स्तरोन्नती, दिगो उर्जा र पानीको मुहान संरक्षण लगायतका विषयहरु समेटिएका छन् । यस आ.ब.मापूर्वाधार विकास अन्तर्गत माथि उल्लेखित लगायत सबै कार्यक्रमहरुमा एकमुष्ठ रु. ९ करोड २० लाख ४५ हजार बिनियोजन गरेको छु ।
38. **पूर्वाधार विकास : यातायात पुर्वाधारः** विकासको मुख्य आधारको रूपमा रहेको सडकको विस्तार गरी नगरवासीको जनजीवन सहज बनाउन सहयोग गर्ने नीति अनुरुप नगर सडक गुरुयोजनाको कार्यान्वयन गरी नगरपालिकामा व्यवस्थित सडक सञ्जाल विस्तार गर्न, मुख्य सडकहरूलाई बाह्रै महिना सञ्चालनमा ल्याउने गरी स्तरोन्नती गर्न, महत्वपुर्ण सडकहरूलाई कालोपत्रे गर्न,सडक निर्माण मापदण्ड कडाइका साथ लागू गरी सुरक्षित सडक निर्माण गर्न, सडकको लगत तयार गर्न, लागत साझेदारीमा सहरी सडक स्तरोन्नती गर्न, यातायात क्षेत्र व्यवस्थित गर्नका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।
39. सडक भवन लगायत पुर्वाधार योजनामा स्थानिय साझेदारी ३ लाख भन्दा कम लागत भएका योजनामा कुनै पनि हेवि मेशिन प्रयोग नगरि स्थानिय श्रमिकहरुबाट लगाउने गरि व्यवस्थापन गरिएको छ ।

40. **पूर्वाधार विकास : भवन आवास तथा सहरी विकास :** व्यवस्थित आवास भवन निर्माणका लागि भवन संहिताको पूर्ण पालना गराउने र योजनावद्ध सहरी पूर्वाधार विकास गर्ने नीति अनुरुप सहरी क्षेत्रमासडक वत्ती व्यवस्था गर्ने, एकिकृति वस्ती र व्यवस्थित सहर विकास गर्ने गरि पहल गर्ने, वडा नं. १ स्थित कटहरेमा औद्योगिक ग्राम र कोल्डस्टोर निर्माणको कार्यलाई निरन्तरता दिनेलगायतका आयोजनाहरूका लागि बजेट विनियोजन गरेको छ ।

41. **पूर्वाधार विकास : संचार तथा सुचना प्रविधि र उर्जा :** सूचना तथा सञ्चार र प्रविधि क्षेत्रलाई व्यवस्थित गरी नगरबासीलाई सहज रूपमा सञ्चार माध्यम र प्रविधिबाट छिटो र भरपर्दो सूचना उपलब्ध गराउने नीति अनुरुप सूचना तथा सञ्चारको क्षेत्रलाई प्रभावकारी बनाउन वडा कार्यालय र नगरपालिकामा सूचना प्रणालीको विकासको लागि आवश्यक रकम विनियोजन गरेको छ ।त्यसैगरी विभिन्न निकायसँगको सहकार्यमा बैकल्पिक ऊर्जाका कार्यक्रमलाई अगाडि बढाउन समेत बजेटको व्यवस्था गरेको छ ।

42. **पूर्वाधार विकास : सम्पदा पुर्वाधार :** सांस्कृतिक एवम् पुरातात्त्विक कला, संस्कृतिर सम्पदा तथा धरोहरहरूको संरक्षण गर्ने नीति अनुरुप विभिन्न जातजातिहरूको स्थानीय मठमन्दिर, गुम्बा, चाडपर्व जर्गेना तथा सम्बर्धन गर्न, स्थानिय भाषाको प्रवर्धन गर्नका लागि आवश्यक वजेटको प्रस्ताव गरेको छु।

43. **सुसासन, बन, वातावरण तथा जलबायु र विपद :** यस अन्तर्गत बन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण,बिपद् ब्यवस्थापनक्षेत्रहरु पर्दछन् । यी सबै क्षेत्रहरुको लागि सञ्चालन हुने बिभिन्न कार्यक्रमहरुमा एकमुष्ठ रु. ३८ लाख ९० हजार बिनियोजन गरेको छु ।

44. बादर लगायत वन्यजन्तु बाट किसानको बालिमा क्षति न्यूनिकरणका लागि सामुदायिक वन तथा सार्वजनिक जग्गा, बाझो जमिनमा रैथाने जात लगायत फलफुलको विरुवा लगाउनका लागी आवश्यक पहल गरेको छु।

45. **संस्थागत विकास, सेवा प्रवाह र सुशासन :** यस अन्तर्गत सार्वजनिक सेवा, कर्मचारीहरुको क्षमता अभिवृद्दी, सुरक्षा ब्यवस्थापन, सूचना प्रविधि, पञ्जिकरण ब्यवस्थापन, स्थानीय तथ्याङ्कसङ्कलन र अभिलेख ब्यवस्थापन, सुशासन प्रबर्धन, अनुसन्धान तथा विकास लगायतका क्षेत्रहरु पर्दछन्।यी र यस प्रकारका सञ्चालन हुने बिभिन्न कार्यक्रमहरुका एकमुष्ठ रु.१३ करोड ६ लाख १७ हजार बिनियोजन गरेको छु ।

46. जनप्रतिनिधि र कर्मचारीको तलब भत्ता तथा सेवा सुविधा लगायत क्षमता विकास गर्न अध्ययन अवलोकन भ्रमणको तथा तालिमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

47. साविकमा सञ्चालन भई आएका नियमानुसार दायित्व सिर्जना भएका तथा निरन्तरता दिन आवश्यक देखिएका कार्यक्रमहरुलाई निरन्तरता दिइएको छ ।

48. स्वरोजगारका अवसर सिर्जना गरी युवालाई आत्मनिर्भर बनाउन एवम् बैदेशिक रोजगारीबाट स्वदेश फर्किएका युवाहरुको ज्ञान, शिप, दक्षता र पूँजीलाई प्रभावकारी रुपमा उपयोग गरी उद्यमशिलताको विकास मार्फत थप रोजगारी सिर्जना गरी समृद्ध नगर बनाउनको लागी युवाहरुलाइ आवश्यक तालमिको व्यवस्थाका लागि आवश्यक पहल गर्ने छु ।

49. शैक्षिक सुधार तथा रोजगार मुलक जनशक्ती उत्पादन गर्न स्थानिय स्रोत साधनको पहिचान र प्रवर्धन गरि नगरपालिकालाइ आर्थिक,सामाजिक रुपान्तरण गर्नका लागि स्थानिय परिवेशको महत्वपुर्ण भुमीका रहने हुदा स्थानिय पाठ्यपुस्तक निर्माणको लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

50. न्यून आय भएका दलित परिवारका उद्यमीहरुलाइ आधुनिक औजार खरिद गर्न बजेटको व्यवस्था गरेको छु ।

51. स्थानिय कच्चा पदार्थबाट घरेलु उद्योग संचालनका लागि महिलाहरुको सिप र क्षमता बृद्दी गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

52. स्थानिय तहमा सहज सरल सुलभ तरिकाबाट न्याय सम्पादन गर्न न्यायिक समिति,कर्मचारी र मेलमिलाप कर्ताहरुलाइ तालिमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

53. नेपाल सरकारले लिएका राष्ट्रिय लक्ष्यहरु तथा अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धता र सो बाट सिर्जित दायित्वलाई समेत प्राथमिकता दिइएकी छु । निर्माणधीन पूर्वाधारहरको निर्माण सम्पन्न समयमै सम्पन्न गर्ने गरी सो अनुसारको ब्यवस्था मिलाएकी छु ।

54. कतिपय कार्यक्रम आयोजनाहरुमा देखिने दोहोरोपन घटाउन नगरपालिका क्षेत्रभित्र हुने जुनसुकै कार्यक्रमहरु नगरपालिकाको मातहतबाट नै सञ्चालन हुने ब्यवस्था मिलाएको छु । बजेट कार्यक्रमले नसमेटेका तथा समेट्न नसकिएका अन्य कार्यक्रमहरुलाई आगामी दिनहरुमा जनसंख्या, भूगोल लगायत अन्य वर्ण, लिङ्ग, क्षेत्र, समुदायहरु समेतलाई मध्यनजर गर्दै समतामूलक ढङ्गले विकासमा बिनियोजन गर्दै लगिने नीति तय गरिने कुरा पनि स्मरण गराउन चाहान्छु ।यसै गरी नगर गौरबका आयोजना एवं ठूला आयोजनाहरुको लागि प्रदेश र संघीय सरकार सँग आवश्यक रकमको व्यवस्थाको लागि अनुरोध गर्ने गरी व्यवस्था मिलाएकी छु । साथै नगरमा साना योजना भन्दा ठूला योजनाले प्राथमिकता पाओस भन्ने तर्फ विशेष ध्यान दिइएको छु ।

**सभाध्यक्ष महोदय,**

**नगरसभा सदस्यज्यूहरु,**

यो बजेट तयार गर्ने क्रममा टोल भेला, वडा कार्यालय देखी नगर कार्यपालिकाको बैठक सम्म वजेट तर्जुमाका चरणमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सुझाव सल्लाह सहित सहयोग पुऱ्याउनु हुने संलग्न सबैमा आभार व्यक्त गर्न चाहन्छु । यस बजेट निर्माण कार्यमा प्रत्यक्ष संलग्न हुनु हुने जनप्रतिनिधि एवं कर्मचारी

वर्गहरुमा धेरै धन्यवाद् दिन चाहन्छु । त्यस्तै गरि महत्वपुर्ण अवसर जुराइ दिनुहुने महालक्ष्मी नगरबासी आमावुवा, दाजुभाई तथा दिदिवहिनी लगायत महालक्ष्मी नगरपालिलाइ माया गर्नुहुने सम्पुर्णमा विशेष धन्यबाद दिन चाहन्छु । साथै निजी क्षेत्र, विकास साझेदार, नागरिक समाज प्रति पनि धन्यवाद् दिन चाहन्छु । वजेट तर्जुमा एउटा पाटो हो भने यसको सफल कार्यान्वयन अर्को महत्वपुर्ण पाटो हो । तर्जुमा गरिएको वजेट सही कार्यान्वयन भएमा मात्र यसले सार्थकता पाउँछ। त्यसैले वजेटको सफल कार्यान्वयनको लागि सम्पूर्ण सरोकारवालाको सहयोगको पूर्ण अपेक्षा गरेको छु । महालक्ष्मी नगरपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुऱ्याउनु हुने आम नागरिकहरु, कर दाताहरु, निजी क्षेत्र, विकास साझेदारहरु, सरकारी तथा गैरसरकारी संघ संस्था, सामुदायिक संस्थाहरु, नागरिक समाज एवं सञ्चार जगत लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार ब्यक्त गर्दछु **धन्यवाद ।**

**मन्जुकुमारी अधिकारी कार्की**
**नगर उपप्रमुख**

मितिः २०८२ असार १०
महालक्ष्मी नगरपालिका, धनकुटा